प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२३
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ३००, भक्तपुरमा ५३, ललितपुरमा ३८, मकवानपुरमा ३३, चितवनमा १९, धादिङमा ८, रामेछापमा ८, काभ्रेपलान्चोकमा ८, नुवाकोटमा ६, दोलखामा ३, सिन्धुलीमा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ४७८ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- बुढानिलकण्ठ-८, काठमाण्डौ निवासी ८५ वर्षिय पुरुषको मिति २०७७ भाद्र २२ गते ग्राण्डी इन्टरनेशनल अस्पतालमा निधन भएको छ । सेप्टीक सक, ज्वरो तथा श्वास प्रश्वासमा समस्या भई भाद्र १७ गते अस्पताल भर्ना भएका निजको सोही दिन कोरोना पुष्टी भएको थियो । निज मुटुरोगी समेत हुनुहुन्थ्यो। त्यस्तै काठमाण्डौ-२७, महाबौद्ध निवासी ८० वर्षिया महिलाको मिति २०७७ भाद्र २२ गते ग्राण्डी इन्टरनेशनल अस्पतालमा निधन भएको छ । ज्वरो, सेप्टीक सक तथा श्वास प्रश्वासमा समस्या भई भाद्र ३ गते अस्पताल भर्ना भएकी निजको सोही दिन कोरोना पुष्टी भएको थियो । निज मृगौलाका समेत विरामी हुनुहुन्थ्यो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको पच्चिस प्रतिशत (२४.७६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ४८१३८ (१००%) | ११९२३ (१००%) |
| निको भएको | ३२९६४ (६८.५%) | ५००४ (४१.९%)* |
| उपचाररत | १४८६८ (३०.९%) | ६८३१ (५७.३%)* |
| मृत्यु भएको | ३०६ (०.६%) | ८८ (०.८%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२३ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२३ |

### ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५५५ जना बस्दै आउनुभएको र १२७४ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३१२९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३४०१ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ७३४६२ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ३०० | ७२२१ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ३८ | ९७९ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | १०९ | ५६६७ | ५३ | ७८२ |
| रसुवा | २७८ | १२ | ११ | ३५ | १ | ८११ | | २० |
| नुवाकोट | ११७७ | ८४ | २० | ४० | २६ | ३८०३ | ६ | १०७ |
| धादिङ | ३१५ | ७ | २३ | ९२ | ३८ | २७९३ | ८ | २८३ |
| चितवन | २४६५ | ६२ | ४८४ | ३५५ | ५९२ | १३६८८ | १९ | १०८१ |
| सिन्धुली | ३९२ | १४ | ६ | ४३ | ९ | २५५० | १ | ९६ |
| मकवानपुर | ४०७ | २० | ४ | २१७ | ८९ | ६८४४ | ३३ | ७५३ |
| रामेछाप | ४९० | ६५ | ० | ९८ | ९ | ४९९ | ८ | १०१ |
| दोलखा | ९८६ | ४८ | ४ | २७ | १२ | १९२७ | ३ | ८८ |
| काभ्रेपलान्चोक | ९०९ | ६० | १०९ | २०९ | १२७ | २६८४ | ८ | २९२ |
| सिन्धुपाल्चोक | ७८९ | ३३ | १०१ | ५६ | ७ | ३३७३ | १ | १२० |
| जम्मा | ९७३४ | ५५५ | १२७४ | ३१२९ | ३४०१ | ७३४६२ | ४७८ | ११९२३ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


### ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रदेश प्रयोगशाला | २१६५१ | १०५ | ९० | २४ जनाः<br>मकवानपुर-२४ | ६६ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | ३१८२ | ३२८ | १५२ | १२ जनाः<br>काभ्रेपलान्चोक-७, नुवाकोट-२, सिन्धुली-१, दोलखा-१, भक्तपुर-१ | १४० | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छ:


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२३

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२३

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/
**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/
**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/
**-कोभिड १९ संकट ब्यवस्थापन केन्द्रः** ccmc.gov.np
**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates
**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई